2. योग्य कर्मचारी: दूषण रोकथाम र गुणस्तर नियन्त्रणका लागि तालिमप्राप्त जनशक्ति।
3. प्रलेखन: नियामक अनुपालन र ट्रेसबिलिटीका लागि विस्तृत रेकर्ड राख्ने व्यवस्था।
4. सरसफाइ र बाँझ वातावरण: दूषणको जोखिम घटाउन नियन्त्रित वातावरण।
5. गुणस्तर परीक्षण: HPLC जस्ता प्रविधिको प्रयोग गरी नियमित परीक्षण।
6. गुनासो र रेकल प्रणाली: गुणस्तर समस्याहरू वा दुष्प्रभावको तत्काल समाधानका लागि प्रणाली।

**फाइदाहरू :**

1. विश्वव्यापी मान्यता: अन्तर्राष्ट्रिय बजारमा निर्यातको सुविधा।
2. गुणस्तरीय सुनिश्चितता: दूषणमुक्त र स्थिर उत्पादन।

3. उपभोक्ताको विश्वास: ब्रान्डको विश्वसनीयता र अनुपालन सुनिश्चित ।
4. अन्य मापदण्डहरूसँग सामञ्जस्यता: EU–GMP, UK–MHRA, र TGA जस्ता मापदण्डहरूसँग मेल ।
5. स्वास्थ्य संकट व्यवस्थापन : आपत्कालीन अवस्थाहरूमा गुणस्तरीय औषधिको आपूर्ति सुनिश्चित ।

WHO–GMP औषधि उद्योगका लागि आधारभूत मापदण्ड हो, जसले कम्पनीहरूलाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा टिक्न सहयोग गर्छ र उपभोक्ताको स्वास्थ्य तथा सुरक्षामा योगदान पुऱ्याउँछ ।

३ . EU–GMP (European Union - Good Manufacturing Practices) EU–GMP (युरोपियन युनियन - गुड म्यानुफ्याक्चरिङ प्राक्टिसेस) युरोपियन मेडिसिन्स एजेन्सी (EMA) द्वारा जारी गरिएको एक कडा मापदण्ड हो, जसले युरोपियन युनियनमा निर्माण वा आयात गरिएका औषधिहरूको गुणस्तर, सुरक्षा, र प्रभावकारिता सुनिश्चित गर्दछ । यसले उत्पादन प्रक्रिया, सुविधाहरू, र कर्मचारीहरूको व्यवस्थापनका लागि व्यापक ढाँचा प्रदान गर्दछ, जसले गर्दा प्रत्येक औषधि ब्याचले बिरामीको सुरक्षा र चिकित्सीय प्रभावकारिताका लागि आवश्यक मापदण्ड पूरा गर्छ ।

**फाइदाहरू:**

1. युरोपेली बजारमा उत्पादन निर्यातका लागि आवश्यक ।
2. गुणस्तरीयता र स्थिरता सुनिश्चित गर्न मद्दत ।

UK–MHRA (United Kingdom -Medicines and Healthcare products Regulatory Agency): संयुक्त अधिराज्यको प्रमुख नियामक निकाय हो, जसले औषधि, मेडिकल उपकरण, र स्वास्थ्य सेवा सम्बन्धी उत्पादनहरूको सुरक्षा, गुणस्तर, र प्रभावकारिता सुनिश्चित गर्दछ । यो औषधि उत्पादन, क्लिनिकल परीक्षण, र बजारपछिको निगरानीको व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्छ, राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डहरूको अनुपालन सुनिश्चित गर्दै ।

**३. TGA (Therapeutic Goods Administration – Australia) :** थेराप्युटिक गुड्स एडमिनिस्ट्रेशन (TGA) अष्ट्रेलियाको नियामक निकाय हो, जसले औषधि, मेडिकल उपकरण, खोपहरू, र अन्य स्वास्थ्य सेवासँग सम्बन्धित उत्पादनहरूको व्यवस्थापन गर्दछ । अष्ट्रेलियन सरकारको स्वास्थ्य विभाग अन्तर्गत सञ्चालन हुने TGA ले अष्ट्रेलियामा उपलब्ध सबै थेराप्युटिक उत्पादनहरू उच्च गुणस्तरीय, सुरक्षित, र प्रभावकारी हुन सुनिश्चित गर्दछ। यसले यी उत्पादनहरूको सम्पूर्ण जीवनचक्र, पूर्व-बजार मूल्यांकनदेखि बजारपछिको निगरानी सम्म, नियमन गर्दछ ।

यी मापदण्डहरूको एकीकृत लाभ

1. अनुप्रयोग: अस्ट्रेलिया र एशिया-प्यासिफिक क्षेत्रमा औषधि निर्यातका अवसरहरू विस्तार गर्न ।
2. गुणस्तरीय सुधार: उत्पादन प्रक्रियाको एकरूपता र उच्च स्तरको पालना ।
3. निर्यात क्षमता वृद्धि: युरोप, ब्रिटेन, र अस्ट्रेलिया जस्ता प्रमुख बजारमा पहुँच ।
4. अनुपालन सुनिश्चितता: अन्तर्राष्ट्रिय नियामक आवश्यकता पूरा गर्न मद्दत ।

**३. कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, ईजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र सङ्गठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सङ्गठित संस्थाले उद्योग विभाग, त्रिपुरेश्वर काठमाडौंमा ओम मेगाश्री फर्मास्युटिकल्स ट्रेडमार्क (रजिट्रेसन नम्बर १११८०२ देखि १११८३६) का लागि आवेदन (दर्ता - १९३१/२०८० असोज २१ गते) दिई सोको अन्तिम चरणमा रहेको छ । यसमा हाम्रो कम्पनीको ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र आदि रहेका छन् । साथै सङ्गठित संस्थाले अन्तर्राष्ट्रिय प्रमाणपत्रहरू; ISO 9001:2015 (Quality Management System) र ISO 14001 : 2015 (Environment Quality System) प्राप्त गरिसकेको छ । यसरी प्राप्त विभिन्न ट्रेडमार्क चिन्ह, गुणस्तर चिन्ह, International Certification हरूमा कम्पनीको औद्योगिक तथा बौद्धिक सम्पत्तिहरूको हक कम्पनीमा सुरक्षित रहेको छ ।

**४. सङ्गठित संस्थाले ओगटेको बजार क्षेत्र:** सङ्गठित संस्थाले उत्पादित वस्तु बिक्री वितरणका लागि उपयुक्त वितरण प्रणाली अपनाएको छ । यसका लागि देशैभरि वितरक (डिस्ट्रिब्युटर्स) चयन गरी सम्बन्धित वितरकसँग संस्थाको

सम्झौता भइसकेको छ। तिनै वितरकका माध्यबाट हाम्रा वस्तुहरू सातै प्रदेशका सतहत्तरै जिल्लामा आफ्नो कारोबार सञ्चालन गर्ने छौँ । साथै नेपाल सरकारका स्वास्थ्यकेन्द्र, स्थानीय निकायमा पनि त्यहाँको आवश्यकताअनुसार टेन्डरमार्फत वितरण गर्ने छौँ ।

**५. नयाँ उत्पादन तथा सेवासम्बन्धी योजना :** हाल कम्पनीले मुटु, मधुमेह, न्युरो साइक्याट्रिक, छालासम्बन्धी, जेनरल ओ टिसी, आइ, इयर तथा नोजल ड्रप, भेटेनरी आदि उत्पादन आफ्नो मुख्य लक्ष्यको रूपमा लिएको छ र आगामी दिनमा आउन सक्ने बजारको मागलाई ध्यानमा राखी विभिन्न किसिमका उत्पादनलाई बढाउँदै सोको परिपूर्ति गर्ने योजना राखेको छ। सोहीअनुरूप सङ्गठित संस्थाले उत्पादनमा विविधीकरण गर्न सजिलो हुने गरी साङ्गठनिक संरचना तयार गरी लागु गरेको छ ।

**६. उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

- बर्सेनी अरबौँको मात्रामा औषधि आयात गर्नुपर्ने स्थितिलाई न्युनीकरण गर्दै नेपाली औषधिलाई अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने लक्ष्यका साथ कम्पनीले आफ्नो कार्य अगाडि बढाएको छ ।
- हाम्रा उत्पादन तथा सेवाको प्रमुख बजार क्षेत्र नेपालका सातै प्रदेश र तिनका मातहतमा रहेका ७७ वटै जिल्ला हुन् ।
- उत्पादन तथा सेवालाई बिक्री वितरण गर्नका लागि सातवटै प्रदेशका मुख्य व्यापारिक केन्द्रहरूमा प्रचलित प्रबर्धन कार्य निर्देशिकाअनुसार रणनीति बनाई बजारीकरणका लागि चयन गरिएका बजार प्रतिनिधि तथा मार्केटिङ टिममार्फत विशिष्ट तरिकाले औषधिको बजार प्रबर्धन गरिने छ ।

**७. उत्पादन/सञ्चालन क्षमता र सोको उपभोग स्थिति :**

| S.N. | Dosage Form (Yearly) | | | |
|---|---|---|---|---|
| | Tablet | Capsule | Oinment | ORS |
| 1 | 17,85,600 | 5,60,000 | 20,000 | 20,000 |

नोट : माथिको युनिट दैनिक ८ घन्टाको सिफ्टमा उत्पादन क्षमता

**८. कच्चा पदार्थको स्रोत, किसिम र उपलब्धता :**

- कच्चा पदार्थको स्रोत स्वदेशका साथै भारत, चिन र युरोप रहेको छ ।
- किसिममा API, Excipients,Packaging Materials रहेका छन् ।
- उपलब्धताको स्थिति सहज रहेको छ ।

**९. गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** उत्पादिन औषधि गर्दा हरेक स्टेपमा गुणस्तर जाँचका प्यारामिटरहरू स्थापित गरिएको छ । औषधि उत्पादनका क्रममा हरेक स्टेपको कार्यविधिको स्तरीय सञ्चालन प्रक्रिया स्थापित गरिएको छ। उत्पादित औषधिलाई IP/BP/USP मा उल्लेखित जाँच गरेर मात्र क्वालिटी पास गरिएको छ। यसपछि मात्र बजारीकरणमा लगिएको छ ।

**१०. अनुसन्धान तथा विकास :**

- सङ्गठित संस्थाले औषधिका लागि आवश्यक पर्ने मुख्य कच्चा पदार्थका लागि नियमबमोजिम अनुमति लिई नेपालभरिका विभिन्न स्थानहरूबाट परिपूर्ति गर्नका लागि आवश्यक अध्ययन तथा विकास कार्यहरू नियमित रूपमा गर्दै आइरहेको छ ।
- नेपालको बजारको आकारअनुसार आवश्यक औषधिको ५५ प्रतिशत भन्दा बढी आयात देखिएको स्थितिमा उक्त आयातको स्थितिलाई प्रतिस्थापन गर्दै पैठारी गर्न उपयुक्त उत्पादनहरूमा जोड दिन आवश्यक अनुसन्धान एवम् विकास कार्य भइरहेको छ ।
- नेपालको परिप्रेक्ष्यमा बर्सैपिच्छे सामान्य औषधिसमेत नपाएर ज्यान गुमाउनुपर्ने बाध्यात्मक अवस्थाको अध्ययन गरी सोको समाधानका लागि आवश्यक अध्ययन एवम् अनुसन्धान गरी त्यस किसिमको औषधि उत्पादन कार्यलाई विशेष प्राथमिकताका रूपमा अगाडि बढाई सो क्षेत्रका जनतालाई प्रत्यक्ष लाभ पुऱ्याउने काम अगाडि

बढाउँदै लगिने छ ।

- स्वास्थ्य क्षेत्रमा भविष्यमा देखिन सक्ने सम्भावित रोगहरूबारे भएगरेका विज्ञानसम्मत् भविष्यवाणी तथा ग्लोबल रूपमा देखा परिरहेका विभिन्न किसिमका रोगहरूसँग लड्नका लागि आवश्यक मेडिसिन उत्पादनमा जोड दिन तत्सम्बन्धी अध्ययन-अनुसन्धान भइरहेका छन् र यसलाई निरन्तरता दिँदै लैजाने छ ।
- लाइफ सेभिङ मेडिसिन उत्पादनलाई विशेष रूपमा जोड दिँदै जनस्वास्थ्य संरक्षण गर्ने संवैधानिक मौलिक हकअन्तर्गतको स्वास्थ्यसम्बन्धी हकको सुनिश्चितताका लागि आवश्यक टेवा पुऱ्याउने कार्यक्रमहरू सञ्चालन गर्दै लैजाने छ ।
- यसका साथै बजारको मागबमोजिम आवश्यक पर्न सक्ने विभिन्न किसिमका औषधि उत्पादन गर्नका निम्ति नियमित रूपमा अध्ययन तथा अनुसन्धान गर्दै यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पार्न सक्ने सकारात्मक तथा नकरात्मक पक्षहरूको अध्ययन एवम् विश्लेषण नियमित रूपमा गर्ने छ ।

**११. विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :** विगत १२ महिनाको अवधिमा कम्पनीको सञ्चालनमा असर पर्ने गरी कुनै बाधा व्यवधान नरहेको ।

**१२. मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**१३. बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** कम्पनीद्धारा सञ्चालित सेवाहरु अन्य उस्तै कम्पनीहरुको दाँजोमा उत्कृष्ट स्थानमा रहेको छ ।

**१४. प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण :** ओम मेगाश्री मेडीको प्रा. लि.- का.म.न.पा १०, काठमाण्डौं ।

**१५. प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण) :** १. भि.एन.फार्मा- कलकत्ता, भारत, २. हुवहि चिमोर वायोटेक - चिन, ।

**१६. संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजत, संक्षिप्त बिषयवस्तु, इजाजत प्राप्त मिति तथा सो बहाल रहने अवधि समेत खुल्ने विवरण खुल्ने गरी तालिकामा प्रस्तुत गर्नुपर्ने :**

| क्र. सं. | सम्झौताको नाम | सम्झौता मिति | सम्झौता गर्ने संस्था | सम्झौताको बिषयवस्तु | सम्झौता बहाल रहने अवधि |
|---|---|---|---|---|---|
| १ | आयोजना ऋण सम्झौता | २०८०/०८/२४ | प्रभु बैंक लिमिटेड, लक्ष्मी सनराइज बैंक लिमिटेड राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | आयोजना निर्माणको लागि पूजी व्यवस्थापन | ऋण बाँकि रहेसम्म |
| २ | आईपिओका लागि शेयर प्रत्याभुति कर्ता नियुक्ती सम्बन्धि सम्झौता | २०८१/०८/२६ | एन आइ सी एशिया क्यापिटल लिमिटेड | शेयर प्रत्याभुती गर्ने | सम्झौता मितिले ६ महिना सम्म |
| ३ | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने सम्झौता | २०७९/०४/११ | प्रभु क्यापिटल लिमिटेड | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गन | सम्झौता बमोजिमको कार्य सम्पन्न नभए सम्म |
| **क्र. सं.** | **इजाजतको नाम** | **इजाजत प्राप्त मिति** | **इजाजत दिने संस्था** | **इजाजतको विषयवस्तु** | **इजाजत वहाल रहने अवधि** |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कम्पनी रजिष्ट्रारको कार्यालय | २०७९/०३/३१ | कम्पनी दर्ता (प्रा.लि. दर्ता) पब्लिक कम्पनीमा रुपान्तरण | कानुन बमोजिम कम्पनीको अस्थित्व रहेसम्म | |
| २ | प्रारम्भिक वातावरणीय परिक्षण (IEE) | २०७४/०२/०३ | वातावरणीय मुल्याङ्कन स्वीकृत | कानुन बमोजिम कम्पनीको अस्थित्व रहेसम्म | |
| ३ | उद्योग दर्ता | २०७४/०२/०७ | उद्योग विभाग | कानुन बमोजिम कम्पनीको अस्थित्व रहेसम्म | |
| **क्र. सं.** | **प्रबन्धपत्र नियमावली संसोधित** | **संचालक समिति निर्णय मिति** | **साधारण सभाबाट अनुमोदन भएको मिति** | **संसोधित दफा र विषयवस्तु** | **कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएको मिति** |
| १ | साधारणसभाको निर्णय बमोजिम | २०८०/०३/२९ र २०८०/०३/३० | मिति २०८०/०६/२९ को विशेष साधारण सभाबाट | प्रबन्धपत्रको दफा (६) क, ख, ग र घ | २०८०/०८/२० |

**१७. प्रबन्धपत्र नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा, संशोधनको विषय, संशोधन स्वीकृत भएको सञ्चालक समितिको निर्णय नम्बर र मिति, संशोधन स्वीकृत गर्ने साधारणसभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको विस्तुत विवरण प्रस्तुत गर्नुपर्ने :**

**(क) प्रवन्धपत्रतर्फ :**

| **क्र.सं.** | **संशोधन भएको सम्बन्धित दफा** | **संशोधनको विषय** | **संशोधन स्वीकृत गर्ने साधारण सभा/ विशेष साधारण सभाको मिति (वि.सं.)** | **कम्पनी रजिष्ट्ररको कार्यालयमा अभिलेख भएको मिति (वि.सं.)** |
|---|---|---|---|---|
| १ | प्रबन्धपत्रको दफा ६<br>(क).कम्पनीको अधिकृत पुजी रु.४५,००,००,०००/- (पैतालिस करोड रुपैया मात्र) हुनेछ् । सो पुजीलाई प्रतिशेयर रु.१०० दरका ४५,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पुजी रु.४५,००,००,०००/- ( पैतालिस करोड रुपैया मात्र) हुनेछ । सो पुजीलाई प्रतिशेयर रु.१०० दरका ४५,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ग).कम्पनीको संस्थापकहरुले चुक्ता गर्न कबुल गरेको चुक्ता पुजी  रु.४५,००,००,०००/- (पैतालिस करोड) हुनेछ ।<br>(घ) कम्पनीको जारी पुजी मध्ये २२.२३ प्रतिशत अर्थात १० करोड शेयर सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणलाई बिक्री गरिनेछ । | पुजी वृद्धि | २०७९/१२/२५ | २०८०/०४/११ |

| | | | | |
|---|---|---|---|---|
| २ | प्रबन्धपत्रको दफा ६<br>(क).कम्पनीको अधिकृत पुजी रु.६०,००,००,०००/- ((साठ्ठी करोड) हुनेछ । सो पुजीलाई रु.१०० का दरले ६०,००,००० ((साठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल अग्राधिकार शेयर सम्बन्धि कुन व्यवस्थ गरिएको छैंन ।<br>(ख) कम्पनीको जारी पुजी रु.६०,००,००,०००/- (साठ्ठी करोड) हुनेछ । सो पुजीलाई प्रतिशेयर रु.१०० दरका ६०,००,००० (साठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ग).कम्पनीको संस्थापकहरुले चुक्ता गर्न कबुल गरेको चुक्ता पुजी रु.६०,००,००,०००/- (साठ्ठी करोड) हुनेछ ।<br>(घ) कम्पनीको जारी पुजी मध्ये ३० प्रतिशत अर्थात १८ करोड शेयर सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणलाई बिक्री गरिनेछ । | पुजी वृद्धि | २०८०/०३/२९ र २०८०/०३/३० | २०८०/०८/२० |

## ९ ख) नियमावलीतर्फ :

| क्र. सं. | संशोधन भएको सम्बन्धित नियम | संशोधनको विषय | संशोधन स्वीकृत गर्ने साध(रण सभा/विशेष साधारण सभाको मिति (वि.सं.) | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति (वि.सं.) |
|---|---|---|---|---|
| १. | नियमावलीका नियम २८ को उपनियम (२) : यस कम्पनीमा एक महिला र स्वतन्त्र विज्ञ सञ्चालक सहित ७ (सात) जनाको संचालक समिति हुनेछ । | संचालक संख्या | २०७९/१२/२५ | २०८०/०४/११ |

## ग.३.ख.सम्पत्तिको विवरण

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चल अचल सम्पत्तिको अवस्था तल उल्लेख भए बमोजिम रहेको छ :

| सि. न. | सम्पत्तिको विवरण | खुद सम्पत्ति रकम आ. व. २०८०/८१ को लेखापरिक्षणबाट प्रमाणीत | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| १. | जग्गा | ८,३६,६५,१७० | उद्योग परिसर | चालु अवस्था |
| २. | भवन तथा अन्य संरचना | ६५,००,६३,११५ | उद्योग परिसर | चालु अवस्था |
| ३. | मेसिन तथा उपकरण | २१,३८,७१,२१९ | उद्योग परिसर | चालु अवस्था |
| ४. | कम्प्युटर, फर्निचर तथा कार्यालय उपकरण | २,५६,०४,६८१ | कार्यालय तथा उद्योग परिसर | चालु अवस्था |
| ५. | सवारीसाधन | ५०,२९,८७३ | कार्यालय तथा उद्योग परिसर | चालु अवस्था |
| ६. | अमुर्त सम्पत्ति (सफ्टवेयर) | १,२५,२०,०७२ | कार्यालय तथा उद्योग परिसर | चालु अवस्था |

**जग्गाको विवरण निम्न बमोजिम रहेको छ ।**

| जग्गा रहेको ठेगाना | कित्ता नं. | क्षेत्रफल - (बिघा) | जग्गाधनी |
|---|---|---|---|
| साविक : कविलास न.पा-६, चितवन<br>हाल : भरतपूर महानगरपालिका वडा नं. २९, चितवन | २५ | ०-१२-३.५-० | ओम मेगाश्री फार्मास्युटिकल्स लिमिटेड |
| | २४ | ०-४-०-० | |
| | २० | ०-०-१०-० | |
| | १९ | ०-२-२-० | |
| | २८ | ०-८-७.७५-० | |
| | २९ | ०-६-०-० | |
| | २६ | ०-२-०-० | |
| | २७ | ०-३-०-० | |
| | ११ | ०-४-३.५-० | |
| | ३० | ०-८-०-० | |
| | ३२ | ०-२-०-० | |
| | ३३ | ०-२-०-० | |
| | ६ | ०-२-०-० | |
| | ५ | ०-२-०-० | |
| | ४ | ०-१-०-० | |

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** सो नभएको ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** प्रभु बैंक लिमिटेड, लक्ष्मीसन्साइज बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा भएको ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** सो नभएको ।

**(ङ) सम्पत्तिको मूल्याङ्कन गरिएको तरीका सम्बन्धी विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्तिहरु जग्गा बाहेक ऐतिहासिक लागत मुल्यमा ह्रासकट्टी गरी मुल्याङ्कन गरिएको तथा जग्गालाई पुर्नमूल्याङ्कनको आधारमा मूल्याङ्कन गरिएको ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति:**

'स्वास्थ्य र राष्ट्रका लागि एक सङ्कल्प' भन्ने मूल अभिप्रायका साथ स्थापित ओम मेगाश्री फर्मास्युटिकल्सले गुणस्तरीय औषधिको उत्पादन र वितरणमा अग्रणी भूमिका निर्वाह गर्दै स्वदेशलाई औषधिमा आत्मनिर्भर बनाउने र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास गर्ने लक्ष्य राखेको छ । हाम्रो उद्देश्य भनेको जनताको स्वास्थ्यमा प्रत्यक्ष पहुँच बनाउँदै नेपाल सरकारको औषधि क्षेत्र आत्मनिर्भर बनाउने अभियानलाई टेवा पुऱ्याउनु हो ।

**१. व्यवसाय वृद्धिका लागि संस्थाको भावी योजना**

**उत्पादन क्षमताको पूर्ण उपयोग**

१. वर्तमानमा उत्पादन क्षमताको २० प्रतिसत मात्र उपयोग भएको छ । वि.स. २०२६ सम्म बजार विस्तार गरि उद्योगको ८० प्रतिशत लक्ष्य राखेको छ । र २०२७ सम्म १०० प्रतिशत उत्पादन क्षमता उपयोग पुऱ्याउने

२. नयाँ उत्पादन इकाईहरूमा लगानी गरी दक्ष जनशक्तिलाई प्रविधि-सँगत तालिम प्रदान गर्ने ।

**उत्पादनको विविधीकरण:**

१. मधुमेह, कार्डियोभास्कुलर, न्यूरोसाइकेट्रिक र अन्य दीर्घकालीन रोगहरूको औषधिका विभागहरू विकास गर्ने ।
२. उद्योगले भविष्यमा नयाँ औषधि विभागहरू थप्ने योजना बनाएको छ । जसमा Eye and Ear drop विभाग, पशुचिकित्सा विभाग, र सेफालोस्पोरिन्स विभाग समावेश छन् । पशुचिकित्सा विभागको भवन २०२५ मा, Eye and Ear drop विभाग २०२५ को अन्त्यमा, र सेफालोस्पोरिन्स विभाग २०२६ मा निर्माण हुने तालिका छ ।
३. अनुसन्धान र विकास (R&D) मार्फत नयाँ प्रकारका औषधि विकास गर्ने ।

**निर्यात क्षमताको विकास:**

१. प्रारम्भिक चरणमा दक्षिण एशियाली बजार, विशेषत: भारत र बंगलादेश, लक्षित गरी निर्यातको पूर्वाधार तयार गर्ने ।
२. युरोपियन GMP प्रमाणिकरण प्राप्त गरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्ने ।

**औषधिमा आत्मनिर्भरता:**

१. स्वदेशी र कच्चा पदार्थको अधिकतम उपयोग गर्दै आयातलाई प्रतिस्थापन गर्ने ।
२. स्वदेशी उत्पादनलाई प्रवर्द्धन गरी औषधि आयातमा बर्सेनि बाहिरिने रकम घटाउने ।

**डिजिटल रूपान्तरण:**

१. वितरण प्रक्रियालाई सहज र चुस्त बनाउन डिजिटल प्रणाली र एआई प्रविधिको उपयोग ।
२. बजार मागको भविष्यवाणी गर्न एआई-आधारित उपकरणहरूको प्रयोग ।

**सरोकारवालासँग सहकार्य :**

१. नेपाल सरकार, सरोकारवाला निकाय, र उपभोक्ताहरूसँग सहकार्य गर्दै गुणस्तरीय औषधि आपूर्ति गर्ने ।
२. संस्थागत तथा खुद्रा लगानीकर्ताहरूलाई समेटेर समावेशी विकासको सुनिश्चितता ।

**व्यवसायको वृद्धिका लागि समयवद्ध रणनीति**

स्.न २०२५ (आधार निर्माण):

१. उत्पादन प्रक्रियामा WHO–GMP मापदण्ड लागू गर्ने ।
२. ग्रामीण क्षेत्र र दुर्गम ठाउँमा वितरण च्यानल विस्तार गर्ने ।
३. प्रविधि-आधारित व्यवस्थापन प्रणाली लागू गर्ने ।

२०२६ (क्षमता विस्तार):

१. युरोपियन GMP मापदण्डका लागि प्रमाणिकरण प्रक्रिया थाल्ने ।
२. दक्ष जनशक्तिको तालिम र नयाँ मेसिनरीमा लगानी गर्ने ।
३. पशुचिकित्सा विभागको भवन निर्माण कार्य सम्पन्न ।
४. आँखा र कानको थोपा विभागको स्थापना ।

२०२६ (निर्यात प्रारम्भ):

१. दक्षिण एशियाली बजारमा निर्यात सुरु गर्ने ।
२. उत्पादनको विविधीकरण गरी उच्च-मूल्यका औषधि बजारमा ल्याउने ।

३. अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य गरी नयाँ बजारहरूमा प्रवेश गर्ने ।

योजना कार्यान्वयनबाट प्राप्त हुने लाभहरू

(१) बजार विस्तार:

१. २०२५ सम्म घरेलु बजारमा १५% हिस्सा लिने र २०२७ सम्म २५% बजार हिस्सा पुऱ्याउने ।

२. वार्षिक आम्दानी २०% ले बढाउने लक्ष्य ।

**राष्ट्रिय प्राथमिकतासँगको समन्वय**

नेपाल सरकारको औषधि उद्योग आत्मनिर्भरता र 'स्वदेशी उत्पादन, स्वदेशी उपभोग' अभियानलाई टेवा पुऱ्याउँदै, ओम मेगाश्री फर्मास्युटिकल्सले गुणस्तरीय औषधि उत्पादनमा समर्पित भई ग्रामीण र शहरी क्षेत्रमा समान अवसर उपलब्ध गराउनेछ। यस योजनाले नेपाललाई औषधि आयातमा निर्भर राष्ट्रबाट औषधि निर्यात गर्ने राष्ट्रमा परिणत गर्ने लक्ष्यलाई राखेका छौ। ओम मेगाश्री फर्मास्युटिकल्सले व्यवसाय वृद्धिको लागि स्पष्ट उद्देश्य र समयावधि रणनीति तयार गरेको छ। हामी नेपाल सरकार र सरोकारवालाको साथमा गुणस्तरीय औषधि उत्पादन र आपूर्तिमा प्रतिबद्ध छौँ । हाम्रो लक्ष्य आत्मनिर्भरता मात्र नभई अन्तर्राष्ट्रिय बजारमा प्रतिष्ठा कायम गर्नु हो ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

यस लिमिटेडले हाल विश्व स्वास्थ्य संगठनको मापदण्डलाई पालना गर्दै औषधीहरुको उत्पादन तथा बजारिकरण गर्ने र निकट भविश्यमा युरोपियन उत्पादन मापदण्डमा लग्ने योजनामा रहेको छ । गैह्र आवासिय नेपालीहरुको लगानी तथा लामो समय औषधीजन्य उत्पादनको बजारिकरणको अनुभवीहरुको संचालक समुह रहेको यस लिमिटेडको नेटवर्क क्षेत्र फराकिलो रहेको साथै जनसाधारणहरु नै शेयर लगानीकर्ता हुने अवसरले उत्पादनको बजार खपतमा अपन्वत्व बढने सुनिश्चित छ ।

**प्रतिस्पर्धा (Competition)**

**प्रतिस्पर्धी विश्लेषण (Competitive Analysis):**

नेपालको औषधि बजारमा स्वदेशी कम्पनीहरूको योगदान पछिल्लो समय उल्लेखनीय रूपमा बढिरहेको छ । तर, विदेशी कम्पनीहरूले अझै पनि बजारको ठूलो हिस्सा ओगटेका छन्। नेपालमा औषधि उत्पादनले, २० वर्षअघि नेपाली औषधिको बजार हिस्सा १०% मात्र थियो, जुन अहिले करिब ४०% पुगेको छ । नेपाली औषधि उद्योगले ९० अर्ब रुपैयाँको कुल कारोबारमा ३४ अर्ब रुपैयाँको हिस्सा ओगटेको छ ।

**प्रमुख प्रतिस्पर्धीहरू (Major Competitors):**

**स्वदेशी कम्पनीहरू (Domestic Companies):** National Health Care, Nepal Pharmaceutical Laboratories, Quest Pharmaceuticals, Deurali Janta Pharmaceuticals, Arya Pharmaceuticals, Lomus Pharmaceuticals, Asian Pharmaceuticals, Time Pharmaceuticals, Amtech Med, Magnus Pharmaceuticals .

**विदेशी कम्पनीहरू (Foreign Companies):** भारत, स्विट्जरल्यान्ड, बंगलादेश, जर्मनी, चीन, अमेरिका, फ्रान्स, नेदरल्यान्ड्स, इटाली लगायतका देशहरूबाट आयातित औषधिहरू ।

**विभागगत प्रतिस्पर्धा (Departmental Competition):**

१. मधुमेह, कार्डियोभास्कुलर, न्यूरोसाइकेट्रिक, र अन्य दीर्घकालीन रोगहरूको औषधिमा स्वदेशी उत्पादनको हिस्सा

बढ्दो छ, तर अझै पनि विदेशी कम्पनीहरूको प्रभुत्व छ।

२. नयाँ विभागहरू (जस्तै, पशुचिकित्सा, सेफालोस्पोरिन्स, आँखा र कानको थोपा) मा स्वदेशी कम्पनीहरूको उपस्थिति सीमित छ, जसले नयाँ प्रवेशकर्ताहरूलाई अवसर प्रदान गर्दछ।

**प्रतिस्पर्धात्मक लाभ (Competitive Advantages):**

१. गुणस्तरीय उत्पादन (Quality Production): WHO–GMP मापदण्ड अनुसारको उत्पादनले अन्तर्राष्ट्रिय बजारमा प्रवेशको सम्भावना बढाउँछ।

२. उत्पादन लागत (Production Cost): स्वदेशी स्रोतहरूको अधिकतम उपयोगले उत्पादन लागत घटाउन मद्दत पुऱ्याउँछ, जसले प्रतिस्पर्धात्मक मूल्य निर्धारणमा सहयोग पुऱ्याउँछ।

३. नयाँ विभागहरूको स्थापना (Establishment of New Divisions): पशुचिकित्सा, सेफालोस्पोरिन्स, र आँखा-कान थोपा विभागहरूको स्थापना गरेर उत्पादन विविधीकरण गर्न सकिन्छ, जसले बजारमा प्रतिस्पर्धात्मक लाभ दिन्छ।

## (ख) विद्यमान आर्थिक स्थिति (Current Economic Status)

### १. औषधि बजारको आर्थिक स्थिति (Economic Status of the Pharmaceutical Market):

१. बजार आकार (Market Size): नेपालको औषधि बजारको कुल मूल्य लगभग रु. ९० अर्ब छ।

२. आयात (Imports): नेपालले वार्षिक रूपमा लगभग रु. ९० अर्ब बराबरका औषधिहरू आयात गर्छ, जसमा 80% भन्दा बढी हिस्सा भारतबाट आउँछ।

३. स्वदेशी उत्पादन (Domestic Production): स्वदेशी उद्योगहरूले वार्षिक रूपमा लगभग रु. ३४ अर्ब बराबरका औषधिहरू उत्पादन गर्छन्, जसले कुल बजारको ३७% हिस्सा ओगटेको छ

४. औषधि मागको वृद्धिदर (Growth Rate of Medicine Demand): नेपालको औषधि बजारमा औषधिको माग वार्षिक रूपमा करिब १०% ले वृद्धि भइरहेको छ।

### २. उद्योगको योगदान (Industry Contribution):

१. रोजगारी (Employment): स्वदेशी औषधि उद्योगहरूले हजारौं व्यक्तिलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गरेका छन्।

२. राजस्व (Revenue): स्वदेशी उत्पादनले आयात प्रतिस्थापन गरी देशको वैदेशिक मुद्रा सञ्चिति बचत गर्न मद्दत पुऱ्याएको छ।

३. निर्यात (Exports): नेपालले २०२२ मा औषधिजन्य उत्पादनहरूको निर्यातबाट US$13 .17 मिलियन कमाएको छ।

## (ग) समान किसिमको उद्योगको स्थिति (Status of Similar Industries)

### १. तुलनात्मक विश्लेषण (Comparative Analysis):

१. बजार हिस्सा (Market Share): ओम मेगाश्री बजार विस्तारको प्रारम्भिक चरणमा छ, जबकि अन्य स्थापित कम्पनीहरूले ठूलो हिस्सा ओगटेका छन्।

२. उत्पादन क्षमता (Production Capacity) : ओम मेगाश्रीले नेपालकै ठूलो र अत्याधुनिक उत्पादन संरचना तयार गर्दै उत्पादन क्षमतामा नयाँ कीर्तिमान स्थापित गरिरहेको छ। हाल, २२,००० वर्गफुट क्षेत्रफलमा निर्माण गरिएकमा आएको छ। यस संरचनामा नवीनतम प्रविधिको प्रयोग गरिएको छ, जसले उच्च-गुणस्तरका औषधिहरूको उत्पादनलाई सहज बनाउँदै स्वदेशी उत्पादन क्षमतालाई नयाँ उचाइमा पुऱ्याउनेछ। यो पहलले ओम मेगाश्रीलाई प्रतिस्पर्धीहरू भन्दा अग्रस्थानमा स्थापित गर्नेछ।

३. उत्पादन विविधता (Product Diversity):ओम मेगाश्री नयाँ विभागहरू थप्दै उत्पादन विविधीकरणमा केन्द्रित छ, जबकि अन्य प्रतिस्पर्धीहरूको उत्पादन विविधता सीमित छ।

४. निर्यात (Exports):ओम मेगाश्री निर्यात योजनाको विकास गरिरहेको छ। जबकि धेरै जसो कम्पनीहरू मुख्यतया घरेलु बजारमै केन्द्रित छन्।

**२. तुलनात्मक लाभहरू (Comparative Advantages):**

१. नयाँ विभागहरूको स्थापना (Establishment of New Divisions): ओम मेगाश्री फर्मास्युटिकल्सले पशुचिकित्सा, सेफालोस्पोरिन्स, र आँखा-कान थोपा विभागहरूको स्थापना गरेर उत्पादन विविधीकरण गर्दैछ, जसले प्रतिस्पर्धात्मक लाभ प्रदान गर्नेछ।

१. डिजिटल रूपान्तरण (Digital Transformation): डिजिटल प्रणाली र एआई प्रविधिको उपयोगले वितरण प्रक्रियालाई सहज र चुस्त बनाउनेछ, जसले प्रतिस्पर्धीहरू भन्दा अग्रस्थानमा राख्नेछ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :** कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार एक महिला सहित सात (७) जनाको सञ्चालक समिति हुनेछ भन्ने उल्लेख छ । शेयरको स्वामित्व अनुसार संस्थापक शेयरधनी तथा सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको विवरण देहाय बमोजिमको हुनेछ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालक | ४ (चार) जना |
| सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालक | २ (दुई) जना |
| स्वतन्त्र सञ्चालक | १ (एक) जना |
| **जम्मा** | **७ (सात) जना** |

नोट : कम्पनीको सार्वजनिक धितोपत्र निष्काशन भई बाँडफाँड भए पश्चात् कायम हुने शेयरधनीहरु समेतको उपस्थितिमा सम्पन्न हुने साधारण सभा पश्चात् सञ्चालक समितिको संरचना नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार हुनेछ।

कम्पनीको नियमावलीको नियम (२८) मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनुपर्नेछ, तर नेपाल सरकार वा कम्पनीको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र व्यवसायिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन भन्ने उल्लेख भएको छ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

- **अधिकृत पूँजी :** यस कम्पनीको हाल अधिकृत पूँजी रु.६०,००,००,०००/- (साठ्ठी करोड) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ६०,००,००० (साठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
- **जारी पूँजी :** यस कम्पनीको तत्काल जारी पूँजी रु.६०,००,००,०००/- (साठ्ठी करोड) रहेको छ। उक्त पूँजीलाई रु.१००/-का दरले ६०,००,००० (साठ्ठी लाख) थान शेयरमा विभाजन गरिएको छ।
- **चुक्ता पूँजी :** यस कम्पनीको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु.६०,००,००,०००/- (साठ्ठी करोड) रहेको छ जसलाई रु.१००/- का दरले ६०,००,००० (साठ्ठी लाख) थान शेयरमा विभाजन गरिएको छ।

यस विवरणपत्र मार्फत सर्वसाधारणका निमित्त छुट्टाइएको रु.१८,००,००,०००/- (अठार करोड) रकम बराबरको रु.१००/- अंकित दरको १८,००,००० (अठर लाख) कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको जारी पूँजी रु. ६०,००,००,०००/- (साठ्ठी कारोड) हुनेछ।

कम्पनी लिमिटेडमा परिणत भए पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवतर्न भएको छ :

| सि. नं. | आर्थिक वर्ष | अधिकृत पूजी (रु.) | जारी पूजी (रु.) | चुक्ता पूजी (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७८/७९ | ४५,००,००,०००/- | ४५,००,००,०००/- | ४५,००,००,०००/- | कम्पनी रजिष्टारको कार्यालयको मिति २०८०/०४/११ गतेको पत्रानुसार |
| २ | २०८०/८१ | ६०,००,००,०००/- | ६०,००,००,०००/- | ६०,००,००,०००/- | कम्पनी रजिष्टारको कार्यालयको मिति २०८०/०८/२० गतेको पत्रानुसार |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख गरिएको शेयर पूँजीमध्ये संस्थापक शेयरधनी तथा तपसील बमोजिम अन्य समूहहरुमा धितोपत्र निष्काशन भई बाँडफाँड भए पश्चात् कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहनेछ :

| समुह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूजी संरचना | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४२,००,००० | ७० | ४२,००,००,०००/- | शत प्रतिशत भुक्तानी भएको |
| ख | बैदेशीक रोजगारीमा रहेका व्यक्तीहरु | १,८०,००० | ३० | १,८०,००,०००/- | निष्काशन पश्चात शत प्रतिशत भुक्तानी हुने |
| ग | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी,सामुहिक लगानी कोषका योजनाहरु सहित) | १६,२०,००० | | १६,२०,००,०००/- | |
| जम्मा | | ६०,००,००० | १०० | ६०,००,००,००० /- | |

**ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) : सो नभएको ।**

**ग.५.संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमि :**

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :

## आधारभूत शेयरधनीको विवरण:

| सि. नं. | नाम र ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/ व्यवसायको अनुभव | अन्य व्यवसायको अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री अर्जुन कुमार श्रेष्ठ फलेवास न.पा.६ पर्वत । | अध्यक्ष | ५० | नेपाली | ६,१५,००० | मानार्थ विद्यावारिधि, विज्ञान मा स्नातक डिग्री | वि.स २०५४ साल देखि हाल सम्म नेपालमा औषधि थोक तथा खँद्रा व्यापार हस्पिटल, स्वास्थ्य सम्वन्धि उपकरण, अक्सिजन प्लान्ट, औषधि, , लगानी रहेको ।<br>वि.स २०७३ साल बर्षदेखि हाल ओम मेगाश्री फार्मास्यूँटिकल्स् को अध्यक्षको रूपमा कार्यरत । | वर्षदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका होटल, रेष्टँरेन्ट जलविधँत र पर्यटन व्यवसायमा लगानी वित तथा सहकारी, रेमिट्यान्स, र निर्माण सामाग्रीमा संलग्नता ।<br>सन् । पूर्व महासचिवः Parbat Chamber of Commerce / Nepal Chemist & Druggist Association .<br>JCI Senator .<br>पूर्व अध्यक्षः Nepalese Businessman Association, Belgium .<br>पूर्व उपाध्यक्षः २०१९ देखि २०२२ सम्म गैरआवासीय नेपाली संघ ।<br>हाल अध्यक्षः Misiad Nepal . |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | श्री कमल पन्थी रेसुङ्गा न.पा.९ गुल्मी | सञ्चालक | ४८ | नेपाली | ४,३९,१८० | बि.ए., प्रमाणित चिकित्सा सहायक । | वि.स २०५४ देखी २०६० सल सम्म CMA को रुपमा बिभिन्न सरकारी सस्थमा रही कम गरेको । | वि.स २०६३ वर्ष देखि बेल्जियममा होटल तथा रेष्टुरेन्ट व्यवसायमा लगानी तथा सलग्नता रहेको । हाल नेपालमा हस्पिटल, स्वास्थ्य सम्वन्धि उपकरण, अक्सिजन प्लान्ट लगानी रहको । २०१९ देखि २०२२ सम्म गैह्रआवासिय नेपाली संघको ICC Member रहेको । |
| ३ | श्री अर्जुन प्रसाद काफ्ले देउचुली न.पा.१५ नवलपरासी । | सञ्चालक | ५४ | नेपाली | ४,३९,१८० | बि.ए. | हाल नेपालमा हस्पिटल, स्वास्थ्य सम्वन्धि उपकरण, अक्सिजन प्लान्टमा लगानी रहेको । | २८ वर्ष देखि बेल्जियम, स्पेन र जर्मनीमा होटल तथा रेष्टुरेन्ट व्यवसायमा लगानी तथा सलग्नता रहेको । |
| ४ | श्री लक्ष्मण घिमिरे ओमसतिया गा.पा.- १ रूपन्देही | शेयरधनी | ४३ | नेपाली | २,३०,६९० | भेटेनरी जे. टी. ए. | विगत २० वर्ष देखि पशुपंक्षी औषधि व्यवसायी । | पशुपंक्षी औषधि व्यवसायि संगमा क्षेत्रिय तथा केन्द्रियस्तरमा विभिन्न नेतृत्वदायी भुमिका रहेको । |
| ५ | एस.डि.एस. होल्डिङ्गस प्रा.लि. का.म.न.पा. १५, काठमाण्डौ | लागु नहुने | | | २,२६,१६९ | लागु नहुने | | |
| ६ | श्री सौरभ आचार्य भानु न.पा.२ तनहुँ | शेयरधनी | ४२ | नेपाली | १,१६,१५० | PG in Rheumatology/ MD, Internal Medicine/ MBBS | वि.स २०७९ देखी हाल सम्म बाथरोग विशेषज्ञको रुपमा कार्यरत वि.स २ वि.स २०७२ देखि वि.स २०७९ चिकित्सकिय सेवामा कार्यरत । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | श्री जगदिश शर्मा<br>फलेवास न.पा.- ६<br>पर्वत | शेयरधनी | ५१ | नेपाली | १,००,००० | M .Sc . in Construcion Management | | सिभिल ईन्जिनियरको क्षेत्रमा २५ बर्षको कार्यानुभव । |
| ८ | डा.सुर्यज्योती श्रेष्ठ<br>विनयी त्रिवेणी गा.पा.- १<br>नवलपरासी पुर्व | शेयरधनी | ४० | नेपाली | ९३,०५० | M .S, Surgen<br>MBBS | | वरिष्ठ सर्जन ल्याप्रोसकोपी . |
| ९ | श्री फर्शुराम पाण्डे<br>भगवती ३ को परिवर्तित छत्रदेव गा.पा.७,<br>अर्घाखाँची | शेयरधनी | ४९ | नेपाली | ८१,६९० | प्लस टु | वि.स २०७२ देखि हाल सम्म आकाश मेडिको फर्मा (होलसेल) औषधि बिक्री व्यवसायमा रहेको । | |
| १० | श्री प्रकाश उप्रेती<br>अनारमनी ३ को हाल विर्तामोड<br>न.पा.५ झापा | शेयरधनी | ४२ | नेपाली | ६९,००० | बि. ए. | | वित्तिय क्षेत्रमा लामो अनुभव रहे को, हाल घरजग्गा कारोवारमा वित्त प्रमुखको रुपमा कार्यरत । |
| ११ | श्री अञ्जु नेपाल मरासिनी<br>तम्घास ९,<br>गुल्मी | शेयरधनी | ३८ | नेपाली | ६०,००० | एम.बि.एस. | | लेखापाल SACOS अनुभव ७ बर्ष |
| १२ | फर्स्ट क्यापिटल प्रा.लि.<br>टोखा न.पा.७,<br>काठमाण्डा | लागु नहुने | | | ५७,१४४ | लागु नहुने | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | श्री प्रगति पौडेल कार्कीनेटा ३ को परिवर्तित फालेवास न.पा.१ पर्वत | शेयरधनी | ३५ | नेपाली | ५१,४६० | एम.बि.ए, मेडिकल ल्याब प्राविधिक . | वि.स २०६५ -२०६८ मेडिकल ल्याब टेक्निसियनको अनुभवमा टेकु केन्द्रीय ल्याब, क्यान्सर अस्पताल, भरतपुर अस्पतालसँगै निजी अस्पतालहरूमा पनि काम गर्ने अनुभव सामेल छ। वि.स २०६५ हाल सम्म ओम मेगाश्री फार्मास्यँटिकल्स्मा व्यवसाय प्रशासन निर्देशक रुपमा कार्यरत। | वि.स २०६८-२०७४ क्यानडामा होम डिपो कम्पनीमा बजार प्रवन्धक, ग्राहक सेवा शाखा. को कार्यानुभव। वि.स २०७६-२०७९ एम.बि.ए, इन्टर्नशिप र विभन्न तालिम हरु। |
| १४ | श्री नृपेश बस्नेत का.म.न.पा. ३४, काठमाडौं | शेयरधनी | ३७ | नेपाली | ५०,००० | बि.बि.ए. | | Flextecs North America मा १२ वर्षको कार्य अनुभव - अडिट निर्देशकको रूपमा। |
| १५ | श्री बाबुराम पन्थी रिसुङ्गा न.पा.९ गुल्मी | शेयरधनी | ४४ | नेपाली | ५०,००० | एम.वि.ए.बायो-मेडिकल इन्जिनियरिङमा स्नातक | चीन, फिलिपिन्स जस्ता अन्तर्राष्ट्रिय बजारमा मेडिकल उपकरण निर्माणको अनुभव रहेको छ र Huazhong University of Science and Technology बाट बायो-मेडिकल इन्जिनियरिङमा स्नातक पूरा गरेका छन्। | दुरसंचारको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय १७ वर्ष कार्यानुभव विशेषगरी मलेसिया, फिलिपिन्स, बंगलादेशर श्रिलंकाको अपटिकल्स नेटवर्कमा कार्य गरेको अनुभव। |
| १६ | श्री ललिता बस्याल भुमिकास्थान न.पा ९, अर्घाखाँची | शेयरधनी | ३७ | नेपाली | ५०,००० | सामाजिक कार्यमा स्नातक | | ७ वर्ष डीपी विभाग - आर्यतारा इन्भेस्टमेन्ट एण्ड सेक्युरिटिज प्रा. लि। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | श्री शंखर प्रसाद पण्डित श्याम्घा ९, तनहू | शेयरधनी | ५६ | नेपाली | ५०,००० | निर्माण व्यवस्थापनमा स्नातकोत्तर | | सिभिल इन्जिनियरिङको क्षेत्रमा ३० वर्षभन्दा बढीको कार्यानुभव । |
| १८ | श्री रविन्द्र राज श्रेष्ठ रत्ननगर न.पा.१० चितवन | सञ्चालक | ४८ | नेपाली | ४९,१२० | बि.बि.एस्. प्रमाणित चिकित्सा सहायक | वि.स २०७३ साल बर्षदेखि हाल ओम मेगाश्री फार्माक्युटिकल्स को कारखाना प्रमुख गैर प्राविधिकको रूपमा कार्यरत । | २० वर्षदेखि नेपालको चितवन र काठमाडौंमा पर्यटन व्यवसायमा संलग्न, विशेषगरी टुर्स एण्ड ट्राभल्स, होटेल तथा रेष्टुरेन्ट क्षेत्रमा लगानी रहेको । स्वास्थ्य तथा पारामेडिकल क्षेत्रका विभिन्न संस्थामा कार्य अनुभव । |
| १९ | श्री अर्जुन पराजुली धमीलीकुवा २, लमजुङ | शेयरधनी | ४६ | नेपाली | ४५,००० | बि. ए. | - | - |
| २० | श्री राजीन पनेरु | शेयरधनी | ३५ | नेपाली | ४२,००० | दर्शनाचार्य, स्नातकोत्तर | - | दर्शनाचाय - अभि सुवेदीका नाटकमा मिथक, स्नातकोत्तर - समकालीन नेपाली नाटक उपप्राध्यापक : पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार-काठमाडौं, त्रि.वि., २०७४ देखि । |
| २१ | लक्ष्मण पाण्डे | शेयरधनी | ३४ | नेपाली | ६५,००० | विज्ञानमा स्नातक | वि.स २०७३-२०८१ चिकित्सा बिक्री अधिकृत | - |

स्रोत: यस तालिकामा प्रस्तुत गरिएको जानकारी सम्बन्धित शेयरधनीहरूले प्रदान गरेको विवरणका आधारमा तयार गरि यस कम्पनीबाट उद्घोषण गरिएको छ ।

## सञ्चालकहरुको विवरण:

| सि. नं. | नाम, पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/ व्यवसायको अनुभव | अन्य व्यवसायको अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री अर्जुन कुमार श्रेष्ठ (अध्यक्ष) | ५० | नेपाली | फलेवास न.पा.६, पर्वत | ६,१५,००० | बि.एस्सी. मानार्थ विद्यावारिधि | वि.स २०५४ साल देखि हाल सम्म नेपालमा औषधि थोक तथा खुद्रा व्यापार हस्पिटल, स्वास्थ्य सम्वन्धि उपकरण, अक्सिजन प्लान्ट, औषधि, , लगानी रहेको । वि.स २०७३ साल बर्षदेखि हाल ओम मेगाश्री फार्मास्यँटिकल्स् को अध्यक्षको रूपमा कार्यरत । | वि.स २०६३ देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका होटल, रेष्टँरेन्ट जलविधँत र पर्यटन व्यवसायमा लगानी वित तथा सहकारी, रेमिट्यान्स, र निर्माण सामाग्रीमा संलग्नता । सन् । पूर्व महासचिव: Parbat Chamber of Commerce / Nepal Chemist & Druggist Association . JCI Senator . पूर्व अध्यक्ष: Nepalese Businessman Association, Belgium . पूर्व उपाध्यक्ष: २०१९ देखि २०२२ सम्म गैरआवासीय नेपाली संघ । हाल अध्यक्ष: Misiad Nepal . |
| २. | श्री कमल पन्थी (संचालक) | ४८ | नेपाली | रेसुङ्गा न.पा. ९ , गुल्मी | ४,३९,१८० | बि.ए., प्रमाणित चिकित्सा सहायक । | वि.स २०५४ देखी २०६० सल सम्म CMA को रुपमा बिभिन्न सरकारी सस्थमा रही कम गरेको । | वि.स २०६३ वर्ष देखि बेल्जियममा होटल तथा रेष्टँरेन्ट व्यवसायमा लगानी तथा सलग्नता रहेको । हाल नेपालमा हस्पिटल, स्वास्थ्य सम्वन्धि उपकरण, अक्सिजन प्लान्ट लगानी रहको । २०१९ देखि २०२२ सम्म गैह्रआवासिय नेपाली संघको ICC Member रहेको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | श्री अर्जुन प्रसाद काफ्ले (संचालक) | ५४ | नेपाली | देउचुली न.पा.१५, नवलपरासी | ४,३९,१८० | बि.ए. | | २८ वर्ष देखि बेल्जियम, स्पेन र जर्मनीमा होटल तथा रेष्टुरेन्ट व्यवसायमा लगानी तथा सलग्नता रहेको । हाल नेपालमा स्वास्थ्य सम्बन्धि उपकरण, अक्सिजन प्लान्टमा लगानी रहेको । |
| ४. | श्री रविन्द्रराज श्रेष्ठ (संचालक) | ४८ | नेपाली | रत्ननगर न.पा. १०, चितवन | ४९,१२० | बि.बि.एस्. प्रमाणित चिकित्सा सहायक | वि.स २०७३ साल बर्षदेखि हाल ओम मेगाश्री फार्माक्युटिकल्स को कारखाना प्रमुख गैर प्राविधिकको रूपमा कार्यरत । | वि.स २०६३ देखि नेपालको चितवन र काठमाडौंमा पर्यटन व्यवसायमा संलग्न, विशेषगरी टुर्स एण्ड ट्राभल्स, होटेल तथा रेष्टुरेन्ट क्षेत्रमा लगानी रहेको । स्वास्थ्य तथा पारामेडिकल क्षेत्रका विभिन्न संस्थामा कार्य अनुभव । |
| ५. | श्री नेत्रनाथ पौडेल (संचालक) | ४९ | नेपाली | रत्ननगर न.पा. १०, चितवन | ३९,२०० | एम.बि.ए., Phd. in Marketing | वि.स २०५४ वर्ष देखि विभिन्न अन्तराष्ट्रिय औषधि कम्पनी (Medopharm India) को नेपालका लागि केन्द्रिय तथा क्षेत्रियस्तरको कार्यकारिणी व्यापार प्रतिनिधिको कार्यानुभव, आदर्श वितरक कम्पनीको कार्यकारी व्यापार प्रतिनिधिको कार्यानुभव तथा ग्रामिण बिकास संस्थाको संयो जकको अनुभव । | |
| ६. | श्री सिताराम जोशी (संचालक) | ४६ | नेपाली | कृष्णपुर न.पा ४, कञ्चनपुर | २३,००० | बि.एस्सी | २४ वर्ष देखि विभिन्न औषधि कम्पनीहरुको प्रवन्ध निर्देशक, व्यापार निर्देशक तथा औषधि व्यापार प्रतिनिधिको कार्यानुभव भएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | श्री जेनी थापा मगर (संचालक) | ४३ | नेपाली | बेनी न.पा. १ ,म्याग्दी | २९,०४० | स्नातको त्तर- मानवशास्त्र | | बोर्ड अफ डाइरेक्टर्स / एचआर र एडमिन डाइरेक्टर, ओम मेगाश्री फार्मास्युटिकल्स लिमिटेड (२०२४ अप्रिल १४ - हालसम्म) । बोर्ड अफ डाइरेक्टर / म्यानेजिङ डाइरेक्टर, अलोकी केयर होम एन्ड रिह्याबिलिटेशन सेन्टर प्रा.लि. (२०१९ जुन १६ - हालसम्म) । ट्रेनिङ एन्ड डेभलपमेन्ट अफिसर, Terre des Hommes (Tdh) Nepal Delegation (२०१५ जुन १ - २०१७ अगस्ट ३१) । सेक्रेटरिएट म्यानेजर, इन्टरनेशनल बौद्ध सम्मेलन २०१४, विश्व शान्ति विहार (२०१४ जुन १४ - २०१४ डिसेम्बर १४) । जेंडर एन्ड सोसल इनक्लूजन अफिसर (कन्सल्टेन्ट), एसएसएमपी, हेल्भेटास स्विस इन्टरकोअपरेसन नेपाल (२०१२ जनवरी २ - २०१२ अप्रिल ३०) । नलेज म्यानेजमेन्ट अफिसर, ForestAction Nepal (२००८ अगस्ट १ - २०१० अक्टोबर ३०) । लीड ट्रेनर, फेकोफन / महिला प्रोजेक्ट (२००७ मार्च १५ - २००८ जुलाई ३०) । ट्रेनर, ग्रामीण विकास केन्द्र (RDC) / युनाइटेड मिसन टु नेपाल (२००२ फेब्रुअरी १ - २००४ जुलाई १६) । प्राकृतिक स्रोत संरक्षण सहायक, राष्ट्रिय प्रकृति संरक्षण कोष / अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (२००१ फेब्रुअरी ४ - २००२ जनवरी ३१) । |

स्रोत: यस तालिकामा प्रस्तुत गरिएको जानकारी सम्बन्धित शेयरधनीहरूले प्रदान गरेको विवरणका आधारमा तयार गरि यस कम्पनीबाट उद्घोषण गरिएको छ ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| सि. नं. | संस्थाको नाम ठेगाना | उद्देश्य | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|---|
| १ | एस.डि.एस. होल्डिङ्गस प्रा.लि.<br>का.म.न.पा.१३, काठमाण्डौ । | ब्यापार तथा लगानी | सुरेन्द्र के.सी., का.म.न.पा.१५, काठमाण्डौ ।<br>संजिव लाल श्रेष्ठ, का.म.न.पा.१३, काठमाण्डौ ।<br>सोनिया के.सी.(तामाङ), का.म.न.पा.१५, काठमाण्डौ । |
| २ | फस्ट क्यापिटल प्रा.लि.<br>टोखा न.पा.७, काठमाण्डौं । | लगानी | कृष्ण प्रसाद तिमल्सीना, नीलकण्ठ न.पा.१४, धादिङ<br>दिपक तिमल्सीना, धुवाकोट ०५, धादिङ |
| ३. | होली काउ इन्भेष्टमेन्ट प्रा.लि.<br>ललितपुर उप.म.न.पा.१, ललितपुर | लगानी | कुल आचार्य, धाइरिङ्ग गा.वि.स. ९, पर्वत |

**(ग) संगठित संस्थाको सञ्चालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र. सं. | सञ्चालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री अर्जुन कुमार श्रेष्ठ | एजलिड इन्टरनेसनल प्रा.लि. का.म.न.पा. मनमैंजु, काठमाण्डौ<br>स्वीस क्यान्सर हस्पिटल, पोखरा, नेपाल<br>फलेबास एग्रो रिसोर्ट, पर्वत, नेपाल<br>अल्फा रेष्ट्रो एण्ड वार, काठमाण्डौ, नेपाल<br>गण्डकी हाइजेनिक प्रा. लि., काठमाण्डौ, नेपाल |
| २. | श्री कमल पन्थी | नभएको |
| ३. | श्री अर्जुन प्रसाद काफ्ले | नभएको |
| ४. | श्री रविन्द्रराज श्रेष्ठ | दोभन रिसोर्ट प्रा. लि. भरतपुर २३ |
| ५. | श्री नेत्रनाथ पौडेल | नभएको |
| ६. | श्री सिताराम जोशी | नभएको |
| ७. | श्री जेनी थापा मगर | अलोकी केयर होम एण्ड रिहाविलिटेशन सेन्टर प्रा.लि., ल.म.न.पा. १, ललितपुर, नेपाल |

संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ र कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (६) मा भएको व्यवस्थाहरु पालना भएको व्यहोरा जानकारी गराइन्छ ।

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको स्वीकृति लिनॅ पर्नेछ। स्वीकृति बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

(ख) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र कर्मचारीहरु ) का लगानीकर्ताहरुलाई निष्काशन गरेको शेयर सर्वसाधारणमा बाँडफाँड भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।

**ग.५.ख.संस्थापक/सञ्चालकसँगको कारोबार :**

(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :

| सि. नं. | संस्थापक/सञ्चालक | पद | एक वर्ष भित्र अर्थात् २०८० श्रावण देखि २०८१ आषाढ सम्ममा भुक्तानी गरेको पारिश्रमिक (रु.) |
|---|---|---|---|
| १. | अर्जुन कुमार श्रेष्ठ | अध्यक्ष | ४२,७३,२०० |
| २. | नेत्रनाथ पौडेल | कार्यकारी निर्देशक | १६,२७,६६१ |
| ३. | सिताराम जोशी | बजार निर्देशक | १६,२७,६६१ |
| ४. | रविन्द्र राज श्रेष्ठ | कारखाना निर्देशक | ९,१२,६०० |
| ५. | प्रगति पौडेल | व्यवसाय प्रशासन निर्देशक | १०,०२,४५६ |
| ६. | कपिल राज श्रेष्ठ | मानव ससांधन अधिकृत | ४,२१,२०० |
| ७. | विनोद कुमार श्रेष्ठ | निमायक औषधि व्यावस्थापन विभाग | ४,४९,२०० |

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण :** यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम् रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७.क.संगठित संस्थाको उच्च व्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउन पर्ने :**

| क्र. सं. | कर्मचारीको नाम/ठेगाना | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव (विप्रेषण सम्बन्धी) | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १ | अर्जुन पन्थी | वरिष्ठ लेखापाल | स्नातक तह | २०७४/०८/१५ | ७ वर्ष | ० |
| २ | प्रगती पौडेल | व्यवसाय प्रशासन निर्देशक | स्नाकोत्तर तह | २०८०/०१/०१ | ३ वर्ष | ५१,४६० |
| ३ | रवि कृष्ण ताम्राकार | क्षेत्रीय व्यापार प्रबन्धक | स्नातक तह | २०७८/०६/१५ | २० वर्ष | ० |
| ४ | सल्मा राउत | उत्पादन व्यवस्थापक | स्नातक तह | २०७८/१०/१९ | ३ वर्ष | ० |
| ५ | आलोक कुमार झा | सहायक गुणस्तर प्रत्यायन प्रवन्धक | स्नाकोत्तर तह | २०७९/१०/०४ | ३ वर्ष | ० |

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नं भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** नभएको ।

**(ग) कर्मचारीको संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य :** कम्पनीमा हाल देहाय बमोजिमका कर्मचारीहरु कार्यरत रहेका छन्:

| विवरण | कुल कर्मचारी संख्या | स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|---|
| कर्मचारी | ७६ | ६३ | ० | ४ | ९ | ० |

**ग.७.ख.सञ्चालक एवं उच्च व्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :** कम्पनीको वार्षिक साधारण सभाको निर्णय अनुसार सञ्चालक समितिको बैठक भत्ता बापत तपसील बमोोजिम भत्ता दिने व्यवस्था रहको छ ।

१. सञ्चालक समितिको अध्यक्षको लागि प्रति बैठक भत्ता रु. ५,००० ।-
२. सञ्चालक समितिका सञ्चालक सदस्यहरुको लागि प्रति बैठक भत्ता रु.४,००० ।-
३. आमन्त्रीत सदस्यहरुको लागि प्रति बैठक भत्ता रु.३,००० ।-

**(ख) संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधिभित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि. नं. | कर्मचारीको नाम | पद | एक वर्षभित्र अर्थात् २०८० श्रावणदेखि २०८१ आषाढ सम्ममा भुक्तानी गरेको पारिश्रमिक (रु.) |
|---|---|---|---|
| १. | अर्जुन पन्थी | वरिष्ठ लेखापाल | ६,७६,३३१ |
| २. | प्रगती पौडेल | व्यवसाय प्रशासन निर्देशक | १०,०२,४५६ |
| ३. | रवि कृष्ण ताम्राकार | क्षेत्रीय व्यापार प्रबन्धक | ८,६०,९२० |
| ४. | सल्मा राउत | उत्पादन व्यवस्थापक | ७,५८,००० |
| ५. | आलोक कुमार झा | सहायक गुणस्तर प्रत्यायन प्रवन्धक | ६,७४,१३६ |

**(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण:** सो नभएको ।

**ग.८. अर्न्तनिहित जोखिम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :** कम्पनीको अर्न्तनिहित जोखिमहरु निम्नअनुसार रहेका छन् ।

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

औषधि उद्योगमा वित्तीय स्रोत जोखिममा उच्च पूँजी आवश्यकता, नगद प्रवाह समस्याहरू, बढ्दो सञ्चालन लागत, ऋण सेवा चुनौतीहरू, र बजार मागको उतार-चढाव जस्ता समस्याहरू समावेश छन् । विनिमय दरमा उतार-चढाव र अनुसन्धान तथा विकास (R&D) का अनिश्चित परिणामहरूले यो जोखिमलाई झनै जटिल बनाउँछ ।

**जोखिम न्यूनीकरणका रणनीतिहरू:**

१. वित्तीय स्रोतहरूलाई विविध बनाउने (इक्विटी, अनुदान, साझेदारी)।
२. नगद प्रवाहलाई व्यवस्थित गर्दै आपतकालीन कोषको व्यवस्था गर्ने।
३. सञ्चालन लागतलाई अनुकूलन र आपूर्तिकर्तासँग सम्झौता गरी नियन्त्रण गर्ने।
४. ऋण-इक्विटी अनुपात सन्तुलनमा राख्दै ऋणको अनुकूल शर्तहरू सुनिश्चित गर्ने।
५. मुद्रा जोखिमलाई वित्तीय उपकरणहरू प्रयोग गरी न्यूनीकरण गर्ने।
६. रणनीतिक र सहकार्यमा आधारित R&D लगानीमा ध्यान केन्द्रित गर्ने।
७. प्रारम्भिक जोखिम पत्ता लगाउन नियमित वित्तीय अडिट गर्ने।

यी कदमहरूले वित्तीय स्थिरता र दिगो विकास सुनिश्चित गर्न मद्दत पुऱ्याउँछन्।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

कच्चा पदार्थको नियमित आयातको सम्भावना राम्रो रहेको र जोखिम न्यून रहेको पुष्टि भएको छ। कोभिड-१९ महामारीको समयमा औषधिको अभाव नहुनु र सम्पूर्ण औषधि उद्योगहरूले आफ्नो उत्पादन निर्वाध रूपमा सञ्चालन गर्नले कच्चा पदार्थको आपूर्तिको विश्वसनीयता स्पष्ट गरेको हो।

विश्वको कच्चा पदार्थको कुल खपतको ६५-७०% भारत र चीनद्वारा निर्यात हुने तथ्य, साथै यी राष्ट्रहरूसँगको प्रगाढ व्यापारिक सम्बन्धको कारणले कच्चा पदार्थ आयात सहज भएको देखिन्छ। यसबाहेक, कम्पनीको आन्तरिक वैकल्पिक योजनाहरू र चुस्त आपूर्ति व्यवस्थापनले कच्चा पदार्थको आयातलाई थप सुनिश्चित गरेको छ।

१. कच्चा पदार्थको नियमित आयातमा सहजता ल्याउन कम्पनीले अपनाएका आन्तरिक रणनीतिहरू :
२. एक भन्दा बढी कच्चा पदार्थ उत्पादकहरूलाई प्राथमिकतामा राखेर सम्झौता सुनिश्चित गरिनु।
३. एक भन्दा बढी नाका र यातायात माध्यमहरू प्रयोग गर्ने तयारी।
४. विश्वको दुई-तिहाइ आपूर्ति पूरा गर्ने प्रमुख देशहरूसँगको भौगोलिक नजिकाइ।

आपूर्ति शृंखलामा लाग्ने समयको स्पष्टता, जसले आवश्यकताअनुसार आपूर्ति व्यवस्थापनलाई सहज बनाउँछ।

अन्तर्राष्ट्रिय मूल्यका उतार-चढावको प्रभाव र न्यूनिकरण योजनाः अन्तर्राष्ट्रिय मूल्यका उतार-चढावका कारण मुद्राको भिन्न विनिमय दरले कच्चा पदार्थको खरिद लागतलाई केही हदसम्म प्रभावित गर्न सक्छ। यसले लगानीकर्तालाई केही मात्रामा फाइदामा कमीको जोखिम दिन सक्छ। यस्ता जोखिम न्यूनीकरणका लागि कम्पनीले निम्न योजनाहरू अवलम्बन गरेको छ :

१. विदेशी मुद्रा न्यूनतम विनिमय दर हुँदा आवश्यकताअनुसार कच्चा पदार्थ खरिदका लागि रकम सुरक्षित राख्ने।
२. मुख्य उत्पादनहरूको कच्चा पदार्थ वार्षिक खपतका आधारमा वार्षिक सम्झौता गरी मूल्य निर्धारण सुनिश्चित गर्ने।

यस व्यवस्थाले कच्चा पदार्थको आपूर्ति व्यवस्थापनलाई अझ प्रभावकारी र जोखिम-नियंत्रित बनाउन मद्दत गरेको छ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

औषधि उद्योग प्राथमिक आवश्यकताको आपूर्ति गर्ने महत्त्वपूर्ण क्षेत्र हो, तर यस उद्योगले उत्पादन र बजार परिवर्तनबाट उत्पन्न हुने विभिन्न जोखिमहरूको सामना गर्नपर्छ।

**मुख्य जोखिमहरू :**

१. नियामक जोखिमः नयाँ नियमहरू वा अनुपालन मापदण्डमा परिवर्तनले उत्पादन र लागतलाई प्रभावित गर्छ।
२. मागको परिवर्तनशीलता रोग प्रचलन, जेनेरिक औषधिको प्रवेश, र सार्वजनिक स्वास्थ्य पहलकदमीहरूले बजार माग घटबढ गराउँछन्।
३. प्रविधिगत चुनौतीः नयाँ प्रविधि र नवप्रवर्तनमा ढिलाइ हुँदा प्रतिस्पर्धामा पछि पर्न सकिन्छ।
४. आपूर्ति श्रृंखला अवरोधः कच्चा पदार्थको अभाव, मूल्य अस्थिरता, र आयातमा निर्भरता जोखिम उत्पन्न गर्छ।
५. गुणस्तर र प्रतिस्पर्धाः उत्पादन त्रुटि वा कम गुणस्तरले बजार विश्वास गुम्न सक्छ।

६. सरकारी नीतिमा परिवर्तनः मूल्य नियन्त्रण र आयात-निर्यात नियमहरूले उत्पादन र नाफामा असर गर्छ ।
७. वित्तीय दबाबः उत्पादन लागत बढ्दा वा बजार प्रतिस्पर्धाले नाफा कम हुन सक्छ ।

**जोखिम न्यूनीकरण उपायहरूः**

१. नियामक अनुपालनमा सुधार, गुणस्तर परीक्षण, र कर्मचारी प्रशिक्षण ।
२. प्रविधि र नवप्रवर्तनमा लगानी ।
३. विविध आपूर्ति श्रृंखला व्यवस्थापन ।
४. बजार मागको अध्ययन र उत्पादन रणनीति अनुकूलन ।
५. लागत नियन्त्रण र वित्तीय योजना प्रभावकारी बनाउने ।
६. औषधि उद्योगले यी रणनीतिहरू अपनाई जोखिमलाई न्यून गर्न र दिगो विकास सुनिश्चित गर्न सक्छ ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :**

हाम्रो नन-पेनिसिलिन डिभिजन सफलतापूर्वक सम्पन्न भइसकेको छ र पूर्ण रूपमा सञ्चालनमा छ । हालको पूर्वाधारले आगामी ७+ वर्षसम्म उच्च मागलाई सहजै व्यवस्थापन गर्न सक्छ । यस अवधिपछि पनि केवल थप मेसिनरी आवश्यक हुन सक्छ, किनभने अवस्थित पूर्वाधार पहिले नै बलियो र पर्याप्त छ ।

४. प्रत्याभुतिकर्ताले बुँदा नं. १ बमोजिम प्रत्याभुत गरिएको शेयर पुर्ण वा आंशिक रुपमा खरीद गर्नुपर्ने अवस्था आएमा सोही दफामा उल्लेखित प्रत्याभुत गरिएको शेयर खरीद गर्नु पर्ने शेयरको रकम निष्काशन कम्पनीले निष्काशित शेयर बाँडफाँट भएको २१ (एक्काइस) दिनभित्र निष्काशनकर्ता कम्पनीलाई चुक्ता गर्नु पर्नेछ। त्यसैगरी, प्रत्याभुतिकर्ताले निष्काशनकर्ता कम्पनीलाई रकम भुक्तान गरेपछि निष्काशनकर्ता कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धक मार्फत सोही अनुसार शेयर अनुपातमा बाँडफाँड गरी सो शेयरहरु प्रत्याभुतिकर्ताले उपलब्ध गराएको हितग्राही खातामा उपलब्ध गराउनु पर्नेछ।

५. प्रत्याभुतिकर्ताको दायित्व निजले प्रत्याभुति गर्न मञ्जुर गरेको अनुपात रकमको हदसम्म मात्र कायम रहनेछ। प्रत्यभुतिकर्ताहरुले आफ्नो दायित्व अनिवार्य रुपमा पुरा गर्नुपर्नेछ। निष्काशन कम्पनीले निष्काशन गर्ने शेयरहरु पुर्ण रुपमा खरीद भए पछि प्रत्याभुतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ।

६. यस सम्झौतापत्रको म्याद हस्ताक्षर गरेको मितिबाट छ (६) महिना सम्म हुनेछ र उक्त समयावधि भित्र शेयर निष्काशन नभएमा आपसी सहमतीमा थप ३ महिनाको लागि समयावधि थप गर्न सकिनेछ।

७. दैवी/प्राकृतिक प्रकोप परेमा, महामारी भएमा, निष्काशन कम्पनीलाई नियामक निकायले नियन्त्रणमा लिएमा, तत्कालै सुधारको निमित्त कारवाही प्रारम्भ गर्ने निर्देशन दिएमा, दामासाहीमा जाने निर्णय गरेमा, टाट उल्टेमा, इजाजतपत्र निलम्बन वा खारेज भएमा, कुनै पनि अनियमितताको अनुसन्धान भएमा, प्रस्तावित मुल्य बजार मुल्य भन्दा बढि भएमा जस्ता कुनै असाधारण अवस्था उत्पन्न भई पक्षहरुको काबु बाहिरको परिस्थिति उत्पन्न भएमा तथा निष्काशन कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु त्रुटिपुर्ण वा पर्याप्त नभएको वा कुनै विवरण पेश नगरेको कारण धितोपत्रको स्वीकृति पुर्व वा पश्चात् निष्काशन कार्य प्रभावित भई प्रत्याभुति गर्नुपर्ने अवस्था आएमा प्रत्याभुतिकर्ताले सो कुरा निष्काशन कम्पनीलाई जानकारी गराउनुपर्नेछ।

८. निष्काशन कम्पनीले निष्काशन गर्न लागेको शेयरको निष्काशन तथा बिक्री खुला हुनु अगावै कुनै प्रकारको निष्काशनलाई प्रभावित हुने प्रकृतिको जस्तै : कुनै गम्भिर कानुनी कारवाही परेमा, सञ्चालक समितिमा सारभुत

परिवर्तन भएमा, प्रमुख व्यवस्थापकहरु परिवर्तन (आन्तरिक सरुवा वाहेक) भएमा, कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु त्रुटिपुर्ण वा पर्याप्त नभएको वा कुनै विवरण पेश नगरेको कारण धितोपत्रको स्वीकृति पुर्व वा पश्चात् निष्काशन कार्य प्रभावित भई प्रत्याभुति गर्नुपर्ने अवस्था आएमा, अप्रत्याशित रुपमा ठुलो दायित्व श्रृजना भएमा वा कम्पनीले अप्रत्याशित रुपमा ठुलो नोक्सानी व्यहोर्नुपर्ने भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै लिखित रुपमा प्रत्याभुतिकर्तालाई गराउनु पर्नेछ ।

९. दुबै पक्षको आपसी सहमतिमा यस सम्झौता पत्रका शर्तहरू परिवर्तन गर्न, परिमार्जन गर्न वा संशोधन गर्न सकिनेछ र त्यस्ता परिवर्तनहरू यो सम्झौता पत्रको अभिन्न अङ्ग मानिनेछ ।

१०. यो सम्झौतापत्रमा उल्लेखित कुनै शर्त तथा त्यसको पालना एवं व्याख्याका विषयमा निष्काशन कम्पनी तथा प्रत्याभुतिकर्ता बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद आपसी छलफल गरी सहमतिबाट समाधान गरिनेछ । यसरी आपसी सहमतिबाट विवादको समाधान नभएमा प्रचलित कानुन बमोजिम विवादको समाधान गरिनेछ

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रक्रिया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रक्रिया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ ।

**(ख) कम्पनीको प्रबन्धपत्र, नियमावली तथा विवरणपत्र प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ :** कार्यालय समयभित्र निम्नलिखित स्थानहरु तथा तोकिएको स्थानहरुबाट कम्पनीको प्रबन्धपत्र, नियमावली र विवरणपत्र हेर्न सकिनेछ ।

१. यस कम्पनीको रजिष्टर्ड कार्यालय बाग्मती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १०, नयाँ वानेश्वर, काठमाण्डौं ।

२. शेयर निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापीटल लिमिटेड, कमलादी, काठमाण्डौं, नेपाल ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको हकमा :**

१.नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२.यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३.शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४.नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईट पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५.निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

६. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले (ASBA) अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

७. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले (ASBA) अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

८. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

९. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

१०. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

११. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।
घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।
ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
छ. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर

१२. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

१३. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१४.एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१५. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१६.धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१७.शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१८.रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१९. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १०,००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

**सर्वसाधारण शेयरधनीहरुको हकमा :**

नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिंदा निम्न बमोजिमका प्रकृया  तथा शर्तहरु पुरा गरेको हुनु पर्नेछ ।

१.आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ।

२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि) ।

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथ वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम फरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ ।

५.आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यानदिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछः

क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल ।

ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)

ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)

च) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर

८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ ।

१०.एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढि दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११.धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।

१२.धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३.सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट उपलब्ध गराइएको "मेरो सेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन दिन सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ ।

१४.रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोको जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनुपर्नेछ ।

१५.शेयर बाँडफाँड गरि सूचीकरण पश्चात बाँडफाँडमा परका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१६.रु. ५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा प्यान नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरमध्ये सर्वसाधारणका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्षबीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** सो नभएको

**(ख) आधारभूत शेयरधनी :** कारोबार नभएको ।

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :** कारोबार नभएको ।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

**(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोबार वा सम्झौता गरेको छैन ।

**(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** सो नभएको ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** सो नभएको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै**

**कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडि धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

**ग.१५. परामर्शदाता/ विशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना:**

अ) कम्पनीको आ.व.२०७९/०८० को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षणको निम्ति जे भण्डारी एण्ड एशोसियट्स, चार्टड एकाउन्टेन्टस्, काठमाण्डौंलाई नियुक्ती गरिएको छ ।

आ) कम्पनीको आ.व.२०७८/०७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण जे भण्डारी एण्ड एशोसियट्स, चार्टड एकाउन्टेन्टस्, काठमाण्डौं मार्फत गराइएको छ ।

इ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

ई) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं | **निष्काशन बैंकको नाम, ठेगाना** | **बैक खाता नम्बर** |
|---|---|---|
| १ | प्रभु बैंक लिमिटेड, कमलादी, काठमाण्डौ | १११००६३१८१६००११३ |

उ) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु व्यवसाय सञ्चालनको स्थिति, दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था श्री जे भण्डारी एण्ड एशोसियट्सका, श्री जीतेश भण्डारी चार्टर्ड एकाउण्टेण्टले प्रमाणित गर्नु भएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु :**

(१) संकलन केन्द्रहरुको निर्धारण गर्ने ।
(२) बैंकर टु दि इस्युको निर्धारण गर्ने ।
(३) आवश्यकता अनुसार सुचना प्रकाशनमा सहयोग गर्ने ।
(४) आवश्यकता अनुसार बैंक तथा संकलन केन्द्रहरुमा पत्राचार गर्ने ।
(५) दैनिक संकलनको विवरण लिने, पठाउने तथा संकलन गर्ने र सो को तथ्यांक नेपाल धितोपत्र बोर्डमा जानकारी गराउने ।
(६) निष्काशनको क्रममा प्राप्त रकम बैंकर टु दि इस्युमा राख्ने, झिक्न सहयोग गर्ने र प्राप्त रकमको हिसाब मिलान गर्ने ।
(७) शेयर निष्काशन पश्चात् C-ASBA प्रणाली बाट डाटा लिने, प्रोसेसिङ्ग गर्ने, बाँडफाँड मोडेल बनाउन सघाउने साथै बाँडफाँडमा सहयोग गर्ने ।

(८) बाँडफाँड पश्चात् सम्बन्धित व्यक्तिहरुको म्फबत खातामा अभौतिक शेयर जम्मा गरी शेयर सुचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ताका लागि कम्पनीलाई आवश्यक सहयोग गर्ने ।

(९) शेयर निष्काशनका क्रममा आइपर्ने अन्य सम्पुर्ण कार्यहरु गर्न गराउनेमा सहयोग गर्ने ।

**ग.१६.आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** यो कम्पनी निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरि आयोजनाका कामहरु सम्पन्न गरिएको छ ।

| क्र. सं. | बैंक तथा वित्तीय संस्थाको नाम | स्वीकृत कर्जा रकम रु. | कर्जाको भुक्तानीको अवधि | कर्जाको भुक्तानीको तरिका | हालको ब्याजदर (प्रतिशतमा) | २०८१ मंसिर २२ गते सम्मको कर्जा रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | प्रभु बैंक लिमिटेड | ४३,७०,००,००० | १४ बर्ष | त्रैमासिक | ९.७४% | ४३,०१,४८,६९० |
| २ | लक्ष्मी सनराइज बैंक लिमिटेड | १९,९०,००,००० | १४ बर्ष | | ९.७४% | १८,१०,५४,०२८ |
| ३ | राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २६,४०,००,००० | १२ बर्ष | | ९.७४% | ५,३७,९५,१२९ |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सँजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सँजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितो पत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**ग.१८.गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा श्री एलिसा कार्कीलाई ०१-५९७०२०० मा सम्पर्क गर्न सकिन्छ ।

**ग.१९.नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०.ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२१.अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२.अन्य सामान्य जानकारी :**

(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण : सो नभएको ।

(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण : हालसम्म सञ्चालक समितिमा कुनै परिवर्तन नभएको ।

**लेखापरीक्षकमा भएको परिवर्तन :** लगातार ३ वर्षभन्दा बढी एकै व्यक्तिले लेखापरिक्षण गर्न नपाउने नियमानुसार लेखापरीक्षकमा परिवर्तन हुने गरेको छ । सो देहाय बमोजिम रहेको छ ।

| क्र. सं. | लेखापरीक्षकको नाम, ठेगाना | लेखापरीक्षण गरेको आ.व. |
|---|---|---|
| १ | जे भण्डारी एण्ड एशोसियट्सका चार्टर्ड एकाउन्टेण्ट श्री जितेस भण्डारी | २०७८/७९ |
| २ | जे भण्डारी एण्ड एशोसियट्सका चार्टर्ड एकाउन्टेण्ट श्री जितेस भण्डारी | २०७९/८० |
| ३ | जे भण्डारी एण्ड एशोसियट्सका चार्टर्ड एकाउन्टेण्ट श्री जितेस भण्डारी | २०८०/८१ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : जानकी किरण श्रेष्ठ

ठेगाना : खलङ्गा ०६, सल्यान जिल्ला

योग्यता : स्नातकोत्तर, मास्टर डिग्री सार्वजनिक प्रशासन

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७९/०८/१६ गते बसेको साधारण सभाको निर्णय बमोजिम सर्वसाधारणको लागि शेयर निष्काशन गर्ने निर्णय भएकाले कम्पनीको जारी पूजीको १० प्रतिशत अर्थात रु.१०० अंकित दरका १८,००,००० कित्ता शेयरले हुने रु. १८,००,००,०००/- (अठार करोड) रकम बराबरको शेयर सर्वसाधारणको लागि बिक्री गर्न छुट्टयाएको छ । उक्त शेयर निष्काशन प्रयोजानार्थ मिति २०८०/०३/२८ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम शेयर निष्काशन प्रयोजनको लागि नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने लगायत योसँग सम्बन्धित आवश्यक सम्पुर्ण प्रकृयाको लागि कम्पनी सचिव श्री जानकी किरण श्रेष्ठ लाई अख्तियार प्रदान गर्ने निर्णय भएको ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १०, नयाँ बानेश्वर, काठमाण्डौं

२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री प्रभु क्यापीटल लिमिटेड, कमलादी, काठमाण्डौं, नेपाल ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :** कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम हुने ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

कम्पनीले आफ्नो जारी पूँजी रु.६०,००,००,०००/- (साठ्ठी करोड) को ३०% अर्थात् १८,००,००० (अठार लाख) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात

रु.१,८०,००,०००/- (एक करोड असी लाख) रकम बराबरको रु.१००/- अंकित दरका १,८०,००० (एक लाख असी हजार) कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि निमित्त धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४, दफा ४ख को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ। नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहे का नेपालीहरुका लागि छुटयाईएका शेयर बाँडफाँड गरे पश्चात बाँकी रहेको शेयरमध्ये ५४,००० कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ३ प्रतिशत) कर्मचारीहरुलाई र ९०,००० कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी १४,७६,००० (चौध लाख छयेत्तर हजार) कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण:**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यावसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ। साथै यस संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७९/०८० सम्मका विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यो कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ। सो व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०८/२० को पत्रबाट प्राप्त भएको साथै आ.व. २०७९/८० को सम्बन्धमा साधारणसभा सम्पन्न भैसकेको र कम्पनी अद्यावधिक रहेको छ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :** यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरको आवेदन फारम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुमा दरखास्त रकम बुझाउन सकिनेछ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटीङ्गस नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई “CARE-NP BB-(Is) ” (Pronounced as [Double B Minus (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ र सो रेटिङ्गले “ Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal” जनाउँदछ जसको नेपाली अर्थ “समयमै बित्तिय दायित्व भूक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको ” लाग्दछ। केयर रेटीङ्गस नेपाल लिमिटेडले [CARE-NP AAA-Is] [CARE-NP D-Is] सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [CARE-NP AAA-Is] ले बलियो आधार जनाउँछ र [CARE-NP D-Is] ले कमजोर आधार जनाउँदछ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं रहेको छ।

**(ड) सकारात्मक पक्षहरु :**

- कम्पनी तथा व्यवस्थापनमा दक्ष एवं अनुभवी जनशक्ति रहेकोले कम्पनी अन्तर्गत रहेका सबै कार्ययोजनाहरु सफल हुने अपेक्षा गरिएको,

- कम्पनीमा रहेका विभिन्न पदका व्यक्तिहरुलाई बहुआयामीक तालिम तथा प्रशिक्षण प्रदान गरी व्यवसाय वृद्धि गर्न कम्पनी तत्पर रहेको छ ।
- स्थापनाकालदेखि नै अत्याधुनिक प्रविधिबाट विप्रेषण कारोबार सम्बन्धी सेवा प्रदान गर्दै आइरहेको छ ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तुखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपाली नागरिकहरुका लागि निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि १५ (पन्ध्र) दिनको हुनेछ । उक्त अवधिमा वैदेशिक रोजगारीमा गएका सार्वसाधारणका लागि निष्काशन गरेको शेयर पूरा बिक्री नभएमा उक्त बिक्री नभई बाँकी रहन गएमा त्यस्तो शेयर सर्वसाधारण समूहमा थप गरी सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

**ग.२३. (क) बैंकिङ्ग, वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्था धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ उप(नियम (३) बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन गर्दा देहायका शर्तहरु पुरा गरेको हुनुपर्नेछ :**

| क्र.सं. | शर्तहरु | पालना भए/नभएको |
|---|---|---|
| क. | आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पुरा गरेको । | भएको |
| ख. | प्रचलित कानुन बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको । | गरेको |
| ग. | आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट ईजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो ईजाजत, अनुमति वा स्वीकृति लिइसकेको । | लिइसकेको |
| घ. | संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको । | गरिसकेको |
| ङ. | कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नंपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रक्रिया अगाडि बढाई सकेको । | प्रक्रिया अनुसार भएको |
| च. | धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भैसकेको । | भएको |

| | | |
|---|---|---|
| छ. | आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको । | लागु नहुने |
| ज. | संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको । | भएको |
| झ. | आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure)भैसके को । | लागु नहुने |
| ञ. | आयोजनासँग सम्बन्धित अन्य पुर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसके को । | लागु नहुने |
| ट. | सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशनमा तोकिए बमोजिम प्रत्याभुति गराएको । | भएको |

**(ख) यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

| सि. नं. | सञ्चालकको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री अर्जुन कुमार श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री कमल पन्थी | सञ्चालक | |
| ३ | श्री अर्जुन प्रसाद काफ्ले | सञ्चालक | |
| ४ | श्री रविन्द्र राज श्रेष्ठ | सञ्चालक | |
| ५ | श्री सिताराम जोशी | सञ्चालक | |
| ६ | श्री नेत्रनाथ पौडेल | सञ्चालक | |
| ७ | श्री जेनी थापा मगर | सञ्चालक | |

## ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टीफिकेट) को प्रति :

prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)

Prabhu Capital Limited
प्रभु क्यापिटल लिमिटेड

Ref no.: PRVUCAPITAL/BD/081-82/1868

मिति : २०८१/०८/२५

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर

**विषय : ड्यू डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महोदय,
काठमाडौं जिल्ला, का.म.न.पा.-१०, नयाँ वानेश्वर, काठमाण्डौं रजिष्टर्ड कार्यालय ठेगाना भएको ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेडले आफ्नो जारी पूँजी रु.६०,००,००,०००।- (साठ्ठी करोड) को ३० प्रतिशत अर्थात रु.१८,००,००,०००।-(अठार करोड) रकम बराबरको रु.१००/- अंकित दरको १८,००,००० कित्ता सर्वसाधारणको लागि छुट्याएको शेयरको १० प्रतिशत नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालिहरुका लागि १,८०,००० कित्ता, ३६,००० कित्ता सर्वसाधारणको लागि छुट्याएको शेयरको ५ प्रतिशत कर्मचारीहरुलाई र ९०,००० कित्ता सर्वसाधारणको लागि छुट्याएको शेयरको ५ प्रतिशत सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी १४,९४,००० कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौ । साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको "विवरणपत्र" मा उल्लेख गरिएको विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी तँहा पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०७५ बमोजिम सूचिकरण हुन योग्य रहेको छ ।

४. कम्पनीले निष्काशन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दिने आवेदकहरुलाई "विवरणपत्र" तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. तँहा बोर्डबाट जारी गरिएको "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" र "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा उल्लेखित सबै कुराहरुको अध्ययन गरि सो नियमावलीको व्यवस्थाहरु अनुरुप हुने गरी संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौ । साथै उक्त नियमावली तथा निर्देशिका बमोजिम यस क्यापिटल हकप्रद शेयर निष्काशनको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा योग्य भएको र तँहाबाट जारी ऐन, नियम, नियमावली तथा निर्देशिका पालना गर्ने जानकारी गराउदछौं

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
प्रभु क्यापिटल लिमिटेडको तर्फबाट
नाम : आषिश गौचन
पद : प्रबन्ध निर्देशक
हस्ताक्षर :

prabhu CAPITAL

कार्यालयको छाप :

Kamaladi, KTM, Nepal | Ph: 977-1-5970200, 4169100 | Email: info@prabhucapital.com | Web: www.prabhucapital.com

Issue Management, Depository Participant, RTS/RTA, Underwriting, Portfolio Management Services (PMS), Specialized Investment Fund (SIF), Corporate Advisory Services

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

Regd. No.: 724/073/74
VAT No.: 104949355

# Bharat N. Associates
## Chartered Accountants

### CERTIFICATION OF PROJECTED FINANCIAL STATEMENTS
### OF
### OM MEGASHREE PHARMACEUTICALS LIMITED

We have examined the Projected Financial Statements for Financial Year 2081-82 onwards of **Om Megashree Pharmaceuticals Limited**. This examination has been conducted in accordance with Nepal Standard on Assurance Engagement (NSAE) 3400, "The Examination of Prospective Financial Information" issued by the Auditing Standard Board of Nepal.

The company's management is responsible for the preparation and presentation of the projected financial information in accordance with the criteria and assumptions set out in the projected report and for such internal control as management determines it necessary for the preparation of such financial information that is free from material misstatement, whether due to fraud or error.

The Projections have been prepared for the purpose of Initial Public Offering (IPO) of Om Megashree Pharmaceuticals Limited. The assumptions used in the projection by the management include hypothetical assumption about certain future events and management actions not necessarily expected to occur. The readers are hereby cautioned that the projections may not serve the purpose other than described above.

Having received the assumptions from the management through Management Representation Letter and on examining the evidence supporting such assumptions nothing has come to our attention that causes us to believe the assumptions do not provide a reasonable basis for the projection. Further, the projections have been presented in accordance with Nepal Financial Reporting Standards.

If on the occurrence of the event anticipated on hypothetical assumptions, the actual results may still differ from the projections due to the unlikelihood of the frequent occurrence of such events and the variations may be material.

CA Bharat Nepal
Proprietor
Bharat N. Associates
Chartered Accountants
Date; 2081/07/25
Place: Lalitpur
UDIN: 241110CA01103sDFJj

Bharat N. Associates Chartered Accountants Cop No: 823 Kathmandu

Lalitpur -7, Gwarko, Lalitpur
E-mail: nepalvarat@gmail.com, Tel.:+977-9851235471

J.BHANDARI & ASSOCIATES
CHARTERED ACCOUNTANTS
FIRM REGD. NO. 818

## INDEPENDENT AUDITOR'S REPORT

**To The Shareholders,**
**Om Megashree Pharmaceuticals Limited.**

### Report on the Audit of Financial Statements

### Opinion

We have audited the accompanying Consolidated Financial statements of **Om Megashree Pharmaceuticals Limited., Kathmandu, Nepal** (hereinafter referred to as "the company"), which comprises the Consolidated Statement of Financial Position as at Ashad 31, 2081 [July 15, 2024], and the Consolidated Statement of Profit or Loss and Other Comprehensive income, Consolidated Statement of Changes in Equity, and Consolidated Statement of Cash Flows for the year then ended, and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, the financial position of the Company as at Ashad 31, 2081 [July 15, 2024], and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS).

### Basis for Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSA). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with ICAN's handbook of Code of Ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

### Key Audit Matters

Key audit matters are those matters that, in our professional judgment, were of most significance in the audit of the financial statements and include the most significant assessed risk of material misstatement (whether or not due to fraud) identified, including those which had the greatest effect on: the overall audit strategy: the allocation of resources in the audit; and directing the efforts of the engagement team. We summaries below the key audit matter, in arriving at our audit opinion above, together with our key audit procedures to address those matters and, as required for public interest entities, our results from those procedures. These matters were addressed, and our results are based on procedures undertaken, in the context of and solely for the purpose of, our audit of the financial statements as a whole, and in forming our opinion thereon, and consequently are incidental to that opinion, and we do not provide a separate opinion on these matters.

J. BHANDARI & ASSOCIATES LALITPUR

Lalitpur, Nepal | Tel.: 01-5524974 | Email: jba.associates10@gmail.com

| S.n. | Key Audit Matters | Auditors Response |
|---|---|---|
| 1 | **Revenue Recognition from Sales through Om Megashree Medico Pvt .Ltd.(100% Subsidiary of the Company):**<br>The company genrated 63% of its sales from OM Megashree Medico Pvt. Ltd., which is also a wholly-owned subsidiary of the company. This arrangement creates a unique revenue recognition risk, as both the distributor and the company share ownership, potentially impacting the arm's length nature of transactions. Additionally, as the distributor is the primary channel for revenue generation, there is a risk that the substance of sales transactions may not meet the revenue recognition criteria in accordance with the applicable financial reporting standards.<br><br>The existence of this transaction with 100% subsidiary raises specific audit concerns, including:<br><br>-Ensuring that revenue from these transactions is recognized only when control over the products is transferred from the Distributor.<br><br>-Evaluating whether the prices and terms of sales between the company and its subsidiary reflect market conditions and meet regulatory requirements.<br><br>-Assessing the risk of any potential misstatement in revenue that could arise from internal transactions between the parent company and the subsidiary. | Our audit procedures to address the risk associated with revenue recognition for sales through the subsidiary distributor included the following:<br><br>-**Reviewing Transactional Substance and Timing:** We examined whether the revenue recognition criteria were met for sales transactions with the distributor and whether revenue was recognized upon the transfer of control from the Distributor, rather than simply when goods were transferred to the distributor.<br>-**Evaluating Arm's Length Pricing:** We assessed whether the terms and pricing of sales to the subsidiary distributor were aligned with market practices by comparing them with other similar industry transactions.<br>-**Testing Consolidation and Elimination Entries:** We tested the consolidation process to ensure that intercompany transactions between the company and the subsidiary were correctly eliminated to avoid double-counting revenue.<br>-**Reviewing Related Party Disclosures:** We reviewed the company's disclosures related to transactions with the distributor, including the nature and terms of these transactions, to ensure they were accurately presented in compliance with the applicable accounting standards.<br>Based on these procedures, we obtained sufficient and appropriate audit evidence to address the risk of misstatement in revenue from sales through the sole distributor. |
| 2 | **Useful Life of Property, Plant and Equipment:**<br>The Company has changed method of depreciation from Written Down Value (WDV) method to Straight Line Method (SLM).Given the judgement used for assessing useful Life and its significant impact to the Financial Statement, this is a Key Audit Matter.<br><br>-Depreciation on Property, Plant and Equipment other than Freehold Land is provided on "Straight Line Method (SLM)" based on Useful Life estimated by the Management based on the report of the Technical Expert<br><br>-The Assets Useful Life are reviewed at the reporting date and the effect of any changes in estimates are accounted for on a prospective basis. | Our audit procedures to address the risk associated with change in method of depreciation from Written Down Value (WDV) method to Straight Line Method (SLM) based on useful Life of the Assets by the Company included the following:<br><br>-We obtained understanding of the Management's processes for assessing the useful Life of PPE<br>-We carried out testing of management's control over assessing the useful life of PPE<br>-We tested the basis of useful Life.<br>-We verified the Technical evaluation done by the or on behalf of the Managment while assessing useful Life of PPE<br>-We assessed the Accounting Principles applied by the Group to estimate useful Life in accordance with the Nepal Financial Reporting Standards and ensured adequency of disclosures. |

J. BHANDARI & ASSOCIATES
LALITPUR

1. We have obtained information and explanations asked for, which, to the best of our knowledge and belief were necessary for the purpose of our audit.
2. Proper books of account as required by law have been kept by the organization in so for as it appears from our examination of those books of account of the company.
3. The statement of Consolidated Financial position, Consolidated Statement of profit or loss, statement of other comprehensive income, Consolidated Statement of changes in equity & Consolidated Statement of cash flows for the year then ended and a summary of significant accounting policies and other explanatory notes have been prepared in accordance with the requirements of Companies Act, 2063 and are in agreement with the books of accounts maintained by the company.
4. To the best of our knowledge and according to the explanation given to us and from the examination of the books of accounts of the company, we have not come across any case where the board of directors or any employee of the company have acted contrary to legal provisions relating to accounts, or committed any misappropriation or caused any loss or damage to the company or its property and violated any directives of prevailing law or acted in a manner to jeopardize the interest and security of the company, its customer and it's investors.

For J Bhandari & Associates
Chartered Accountants

J. BHANDARI & ASSOCIATES LALITPUR

CA. Jitesh Bhandari
Proprietor

Date: 2081.07.16
Place: Lalitpur, Nepal
**UDIN: 241108CA01035dFLdU**